

AMNESTY INTERNATIONAL

नेपाल: महिला मानवअधिकार रक्षकहरूलाई संरक्षण प्रदान गरियोस्



# नेपाल: महिला मानवअधिकार रक्षकहरूलाई संरक्षण प्रदान गरियोस्

AMNESTY INTERNATIONAL

## महिलाहरूको अधिकारः संरक्षण, सम्मान र सुनिश्चित गरियोस्

जब गत वर्ष माओवादी पार्टीको नेतृत्वमा सरकार गठन भएको थियो, त्यतिबेला उसले महिलारूको अधिकार संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो । तर दुईजना महिला मानवअधिकार रक्षककहरूको हत्याका बारेमा छानबीन गरी त्यसका दोषीलाई कानुनी प्रक्रिया थालनी गर्न सरकार विफल भएका कारण सरकारको त्यो प्रतिवद्धता अहिले आएर झुठो आस्वासन जस्तो देखिन थालेको छ ।

ती दुई महिला मानवअधिकारकर्मी मध्येकी एक लक्ष्मी बोहराको उनकै पति र सासुले रातभर कुटपीट गरेर अन्त्यमा जबर्जस्ती विष खुवाएपछि २०६५ जेठ २४ गते विहान मृत्यु भयो । महिलाहरूको अधिकारका क्षेत्रमा काम गरेकै कारण त्यसअघि पनि लक्ष्मीलाई उनका परिवारका ती दुवैसदस्यहरूले निरन्तर कुटपीट गर्दै आएका थिए ।

लक्ष्मीका पतिको टाढाको नाता पर्ने एकजनाले गरेको पोस्टमार्टम रिपोर्टमा उनको मृत्युलाई आत्महत्या भनियो । तर अस्पतालले गरेको जाँच रिपोर्टमा भने विषका कारण लक्ष्मीको मृत्यु भएको र शरीरभरि चोटपटक तथा नीलडाम रहेको भनी उल्लेख गरेको थियो ।

लक्ष्मीका पिताले आफ्नी छोरीको हत्या उनकै सासु र पति दुबैद्वारा गरिएको हो भनी उजुरी दर्ता गराए । सुरुमा प्रहरीले उजुरी दर्ता गर्न आनाकानी गरेका थिए तर राष्ट्रिय र अन्तर्राष्ट्रिय दवावपछि उजुरी दर्ता गर्न वाध्य भए । लक्ष्मीको हत्या भएको एक वर्ष भैसक्दा पनि यो मुद्दा अझसम्म जिल्ला अदालतमै थन्किएर रहेको छ ।

## अहिल्यै कदम चाल्नुहोस् !

कृपया यस पोस्टकार्डमा हस्ताक्षर गरी प्रेषित गर्नुहोस् । एम्नेस्टी इन्टरनेसनल नेपालले यो पोस्टकार्ड राष्ट्रपतिलाई हस्तान्तरण गर्नेछ ।

AMNESTY INTERNATIONAL

Index: ASA 31/006/2009

**महामहिम राष्ट्रपतिज्यू,**

म नेपाली अधिकारीहरू समक्ष निम्नानुसार अनुरोध गर्न चाहन्छु :

- लक्ष्मी बोहराको हत्याको घटनाको तत्काल र स्वतन्त्र अनुसन्धान गरियोस् ।
- मानवअधिकार रक्षककहरुलाई कुनै आक्रमणको त्रासको वातावरण बिना उनीहरूको वैधानिक काम गर्न मार्ग प्रशस्त गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा कार्यान्वयन गर्न एउटा राष्ट्रिय कार्ययोजना तयार गरियोस् ।
- खासगरी ग्रामीण क्षेत्रमा कार्यरत महिला मानवअधिकार रक्षकहरूको सुरक्षा र संरक्षणको सुनिश्चितताका लागि सम्भावित सबै उपायहरू अवलम्बन गरियोस् ।

नाम : ____________________

देश : ____________________

हुलाक टिकट टाँस्नुहोस्

डा. रामवरण यादव
मार्फत्, एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, वसन्तनगर
पो.ब.नं. १३५,
बालाजु,
काठमाडौं, नेपाल

Index: ASA 31/006/2009

तस्वीरहरू : लक्ष्मी बोहरा । © नीजि । स्मरण दिवस, काठमाडौं, नेपाल, नोभेम्बर २००८ © नीजि ।
Amnesty International, International Secretariat, Peter Benenson House, 1 Easton Street, London WC1X 0DW, United Kingdom. www.amnesty.org